धर्म पुत्रका रुपमा लिनु
फ्रियाङ्क्लिनद्धारा बाईबलिए शव्दहरुको अध्ययन

तलका निम्न कुराहरु ग्रीकका मौलिक शव्दहरुको अध्ययन हुन् जुन चाहीँ त्यसका सत्य र बास्तविक अर्थ र सम्भाविय अनुवादको विचार दिनका लागि गरिएको प्रयास हो ।

किनकी यस अध्ययनले हामो विचारलाई चुनौति दिन्दछ । वल स्ट्रीट जरनल नोवेम्बर १४, २०० द्धारा दिइएको निम्न कथन महत्वपूर्ण छ र हामीलाई यस अध्ययनका लागि तयारी गर्न पृथक छ ।

*"प्राय जस्तो समयका लागि हामीहरुको दिमाग हो भन्ने मानिस जस्तो छ जसले हमीहरुले जे विश्वास गर्न चहान्छौं त्यसलाई प्रतिध्वनी गर्दछ । मनोबैज्ञानिकहरुले यसलाई "अनुरुपात पक्षपात" भन्दछन् ।*

*तत्कालीन मनोवैज्ञानिक अध्ययनको विश्लेषणमा प्राय ८,००० सहभागीहरु थिए । त्यसले यो निधो गरे कि मानिसहरु दुई पल्ट खबरहरु खोज्ने गर्छन्, जसले उनीहरुले पहिले देखि नै विश्वास गरेका कुराहरुलाई निधो गरिदिन्छ, उनीहरु ती प्रमाणहरुलाई विचार गर्दछन् जसले उनीहरु विश्वासलाई चुनौति दिन्छ ।*

*यट्ल्यान्टोमा भएका इमोरी विश्वविद्यालयले भन्छन् "हामीहरुका अनुमानलई असत्य तुल्याउँने प्रमाणहरु खोज्नु भन्दा त्यससँग मिल्ने खबरहरुमा ध्यान दिन एकदमै सजिलो हुन्छ ।"*

सबै इमान्दारीतामा, यस खण्डलाई कुनै पनि पक्षपात बिना अध्ययन गर्न, हामीले माथिका कुराहरुलाई यसो भन्नुपर्छ, "हो, ममा पनि यो सत्य हो ।"

तसर्थ सत्यको खोजी गर्न र सम्भाविय अनुवाद गर्नकालागि, अनुरुपात पक्षपात नगरिकन, गम्भीर निधो गर्दै, निम्न अध्ययन गर्न निधो गर ।

**धर्म पुत्रका रुपमा लिनुको** अर्थ अर्को परिवारमा जम्मेको बालकलाई लिनु र कानुनि तवरले त्यस बालक त्यस व्यक्तिको नै हुन्दछ, र त्यस व्यक्तिकै बालक झैं हुर्किन्छ ।

**बाइबलमा ५ पटक भनिएको छ :**

रोमी ८ : १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौ, तर तिमीहरुले **धर्मपुत्र** हुने आत्मा पाएका छौ । यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनि पुकार्छौं ।

रोमी ८: २३ सृष्टि मात्र होइन तर हामी आफै पनि यसमा पवित्र आत्मको पहिलो फल, सन्तानको रुपमा ग्रहण गरिनलाई, अर्थात हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्रभित्रै आर्तनाद गर्दछौं ।

रोमी ९:४ तिनीहरु इस्राएलीहरु हुन्, जसलाई **धर्म पुत्रका** रुपमा लिनु महिमाको दर्शन, करार, व्यवस्थाको प्रधान, मन्दिरको आराधना र प्रतिज्ञाहरु तिनीहरुका आफ्नै हुन् ।

गलाती ४:५ व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुट्याउनलाई उहाँलाई पठाउँनुभयो, ताकि हामी **पुत्रको पुरा हक** प्राप्त गर्न सकौं ।

एफिसी १:५ उहाँको इच्छाको लक्ष्य अनुसार ख्रीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान (५२०६) हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो ।

खण्डहरुमा, धर्म पुत्रका रुपमा लिनु जहिले पनि "पुत्रसँग" प्रयोग गरिएको छ तर "बालकसँग" होइन ।

जब हामी ग्रीक शव्दको धर्म पुत्रका रुपमा लिनुको अनुवादको अर्थलाई माथिका खण्डहरुमा हेर्छौं भने हामीहरुले भिन्नै अर्थ पाउँदछौं ।

स्ट्रङको शव्द # ५२०६ **हिउवथिसीया** (υιφοθεσιαζ ); यसरी मिलेर आएको छ :

# ५२०६ ( υιφοι -पुत्र) र उत्पन्न गरिएको

# ५२०६ (τιθεφμε -स्थानका लागि);

**पुत्र झैं राख्नु**, (आलकारिक रुपमा, परमेश्वरको **पुत्रत्व**)अर्थ दिन्दै "**पुत्र**" भन्ने शव्द ( υιφοι) विशेषगरी प्रयोग गरिन्छ र **"बालक" होइन** ( (Παιδιον )

**"पुत्र झैं राख्नु**" पछि यहूदीहरुको यस्तो समयलाई बुझाउँने परम्परा भयो जब **कसैको बालक** परिपक्क हुन्छ, त्यस पछि बालक हुन्दैन, तर पुत्र हुन्छ ।

"धर्म पुत्रका रुपमा लिनु" लाई (υιφοθεσια) भनेर अनुवाद गरेकोमा प्रश्न गर्छु । म विश्वास गर्दछु कि प्रभुलाई सहि रुपमा नै बुझिएको छ जुन तरीकाले इस्राएलीहरुले बुझेका थिए र यहूदी महोत्सब "बार मिट्ज्भा" विकाश गरे ।

"धर्म पुत्रका रुपमा लिनुको" शव्दको अनुवाद मौलिक पुस्तकको अङ्ग्रेजी वा पश्चिमी अनुवादबाट आएको हो ।

यहूदीहरुको समारोह " "बार मिट्ज्भा" चाहिँ, जब परिवारले उनीहरुका १३ वर्षका छोरालाई जवानका रुपमा र नैतिक र धार्मिक **जिम्मेवारीका** भागिदारका रुपमा लिन्छन् । अब बालक हुदैनन् तर **पुत्र** हुन्छन् ।

बालक चाहिँ सधैं परिवारमा नै थियो, र अब उनी "पुत्र", परिपक्क, जवान भनेर चिनिने उमेरमा पुगेको छ ।

ग्रीक शव्दको शाव्दिक अर्थ :

- पुत्रका रुपमा राख्नु
- जवान पुत्र राख्नु

यी शाव्दिक अनुवादलाई अपनाउँनु भनेको ती जसले विश्वास गर्छन्, वा जो विश्वासी बन्छन् :

- आज त्यस शव्दलाई बुझ्केको अनुसार धर्म पुत्र बनाइएको होइन ।

- शैतानका सन्तानहरु कहिले पनि थिएनन् (यूहन्ना ८:४४)

- तर सधैं उहाँका "सन्तान" थियौं र "पुत्र" झैं राखिएको थियो -पिताको इच्छालाई जान्न सक्ने उमेर) जब हामी विश्वास गर्छौं र आत्मामा जन्मिएका थियौं, "पवित्र आत्माको धर्म पुत्र बनाइएको" प्राप्त गर्दै, वा अझैं सहि रुपमा, "पुत्रत्वको आत्मा" । (रोमी ८:१५)

के धर्म शास्त्रले यस स्थानलाई सहमति जनाउँछ ?

**उहाँको अनुग्रहद्धारा उहाँले हामीलाई चुन्नुभयो, उहाँको हुनका लागि, संसारलाई सृष्टि गर्न अघि ।**

एफिसी १:३ हाम्रा प्रभु येशू खीष्टका परमेश्वर पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गिय स्थानहरुमा  हरेक आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ । उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर **संसारको उत्पत्ति भन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो** ।

अनन्तमा, सृष्टि अघि, कुन पनि जातिको सर्तमा, तिमीले कुनै पनि राम्रो गर्न अघि, उहाँको इच्छा र अनुग्रह बाहिर ... उहाँले **तिमीलाई** उहाँको हुनका लागि **चुन्नु** भयो ।

उहाँले तिमीलाई प्रेम गर्नुहुन्छ ! तिमी चुनिएका हौ ! तिमी विशेष छौ !

**उहाँको अनुग्रहद्धारा, उहाँले को उहाँका सन्तान हुनेछन् भनेर निधो गर्नुभयो ।**

एफिसी १:५,६ उहाँको इच्छाको लक्ष्य अनुसार खीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त (राख्नु) गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सितैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् ।

- **उहाँका सन्तान हुनका लागि पूर्व निधो गरिएको**

पूर्व निर्धारित (ग्रीक - प्रोअरिजो)को अर्थ : केही हुन अघि निर्धारण गर्नु, निर्णय, वा निमार्ण गर्नु हो । पहिले देखि नै तोक्नु, पहिले नै चुन्नु ।

- **"प्रेममा स्वीकार गरिएको"**

ग्रीक शव्दको "**स्वीकार**"को अनुवादको अर्थ : "अनुग्रह गर्नु वा विशेष आदरले सम्मान गर्नु" । यो त्यही ठाउँहरुमा मात्र प्रयोग गरिएको छ जहाँ "ज्यादा निगाहा" भनिएको छ : लूका १:२८ स्वर्गदुतले तिनी कहाँ आएर भने हे कृपाको पात्र तिमीलाई अभिवादन परमप्रभु तिमीसँग हुनुहुन्छ ।

परमप्रभु परमेश्वरले अनन्त देखि नै निधारण गर्नुभएको थियो, सृष्टि अघिको उहाँका सन्तानहरु हुनेछन् भनेर । र त्यही समयमा ती सबैका नामहरु "थुमाको जीवनको पुस्तकमा" लेख्नुभयो । लूका १०:२०; हिब्रू १२:२३; प्रकाश १३:८; २१:२७

गलाती ३:२६ किनकि विश्वासद्धारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान (υιοι ) हौ ।

- जब हामी विश्वास गर्दछौँ - तब हामी उहाँको परिवारमा पुत्र झैँ राखिदछौँ, अब बालक हुदैनौँ । र अब पवित्र आत्माद्धारा "मा" हामी एक परिपक्क झैँ व्यवहार गरेको आशा गर्दछ, र नैतिक र धार्मिक कार्यहरुका लागि **जिम्मेवार** हुँछौ ।

यूहन्ना १२:३६ जबसम्म ज्योति तिमीहरुसँग छ ज्योतिमा **विश्वास** गर, र तिमीहरु ज्यातिका **सन्तान होओ** । यी कुरा भन्नुभए पछि, येशू त्यहाँबाट जानुभयो, र तिमीहरुबाट लुकेर बस्नुभयो ।

- अध्यायले, येशूले स्पष्टसँग भन्नुभएको छ **जब हामी विश्वास गर्दछौं** हामी **पुत्रहरु हुन्छौं** ।
- मौलिक ग्रीकमा, "पुत्रहरु" भन्ने शब्द छ तर "बालक" **होइन** ।

रोमी ८: १४,१५ किनभने **सबै**, जो परमेश्वरका आत्माले **डोऱ्याइएका** हुन्छन्, तिनीहरु नै परमेश्वरका **सन्तान** हुन् । किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिनीहरुले **पाएका** छैनौ, तर तिमीहरुले **धर्म पुत्र हुने आत्मा पाएका** छौ । यसैले जब हामी परमेश्वरलाई "अब्बा वा पिता" भनि पुकाछौं ।

- जब **हामी विश्वास गर्दछौं** हामीले पवित्र आत्मा हामीमा पाउँदछौं - "धर्म पुत्रको आत्मा"- पुत्र झैं । त्यही समयमा प्रभुका अनुसार अब बालक होइन तर हामीहरु परिपक्क पुत्रहरु हौं ।

गलाती ३:२९ यदि तिमीहरु ख्रीष्टका हौं (यसले विश्वास गर भन्दैन)भने त तिमीहरु अब्राहामका सन्तान हौ (जीके-स्पर्मा), र प्रतिज्ञा बमोजीम उत्तराधिकारीहरु पनि हौ ।

गलाती ४:१ मेरो भनाइको अर्थ यो हो, उत्तराधिकारी जबसम्म बालक छ, ऊ सबै थोकको मालिक भएता पनि कमारा भन्दा फरक हुँदैन ।

- तिमी जन्मन अघि तिमी **आबद्ध** थियौ - चुनिएको- पहिले नै तोकिएको - अब्राहामका **सन्तान** - **उत्तराधिकार**- जन्मैबाट उहाँका**सन्तान** । तर हामीहरु पापको बन्धनमा दासहरु झैँबाँची रहेका छौ, तरै पनि हामी उहाँका हौं, र सबै कुराको **मालिक** र थहाँ नै थिएन ।
- "बालक" विश्वासी होइन किनकि **विश्वासमा** तिमीहरु **पुत्र** हौ, एक जवान आत्मिकतामा पवित्र आत्मा तिमीमा तिमीलाई सिकाउँन, बुझ्न शक्ति दिन, बाटो देखाउँन र तिमीले गरेको हरेक काममा बाटो देखाउँन ।
- "बालक", दास झै, जसलाई आफ्ना सबै कुराहरुका बारेमा थहाँ छैन, जसले भविष्यका जिम्मेवारीहरु बुझेका हुन्दैन, अहिलेका लागि उनले पालनमात्र गर्छ ।

*(२ पद)* तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ । (३) हामी पनि यसरी नै बालक छउञ्जेल,

- जब हामी बालक थियौं, हामीहरुलाई हाम्रा अभिभावकहरुका मुनि राख्न अघि । के ती सबै स्वर्गदूतहरु मुक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरु होइनन् ? हिब्रू १:१४

(पद २ जारी)
संसारका दैबी शक्तिहरुको दासत्वमुनि थियौं, तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो । व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुटाउनलाई (केही मुल्य तिरेर अधिकार फिर्ता पाउँनु)उहाँ पठाउइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौँ(υιοΘεσιαν – पुत्र झैं राख्नु वा बनाउँनु) । तिनीहरु पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रे हृदयमा पठाइदिनुभयो( यो जब हामी फेरि जन्मिन्छौं त्यति बेला हुन्छ), जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ ( हामीलाई थाहा हुँदछ कि को हाम्रा पिता हुन्) । यसैकारण, परमेश्वरद्वारे तिमी अब उप्रान्त दास होइनौ(वा बालक १ पद अनुसार) तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ ।

गलाती ४:२२–२६ किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरु थिए, कमारी तर्फबाट एक, अर्को चाहिँ स्वतन्त्र स्त्रीबाट । कमारीको छोरो चाहिँ शरीर अनुसार जम्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जम्मेको छोरो प्रतिज्ञाद्धारे थियो । यो कुरालाई रुपक दृष्टान्तको रुपमा लिन सकिन्छ । ती स्त्रीहरु दुई किसिमका करारहरु हुन् । एउटी चाहिँ सीनै पर्वतबाट दासत्वको लागि हागारद्धारा जन्माइएको सन्तान हो । हागार अरब देशको सीनै पर्वत हो, र वर्तमान यरुशलेमसँग त्यसको तुलना गर्न सकिन्छ । किनकि त्यो आफ्ना बालकहरुका साथ दासत्वमा छ । तर माथिको यरुशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन् ।

- त्यसैले, अब्राहाम हाम्रा पिता **हुने कुरामा मात्र निर्भर हुन्दैन** (रोमी ४:१६) **तर हाम्रा आमा को हुन् त्यसमा पनि** – यरुशलेम माथि (), **"माथिबाट जन्मिएको**" हुन् ।

- यसले स्पष्टसँग यो देखाउँद छ कि पृथ्वीमा **दुई प्रकारका** मानिसहरु छन् । यी दुवै नै दुई भिन्नै स्रोतहरुबाट, भिन्नै उत्पत्तीबाट, भिन्नै आमाहरुबाट र भिन्नै गन्तव्यहरु भएकाहरु हुन् ।

- ग्रीक शव्दले **"भाईहरु"** लाई अनुवाद गरेको अनुसार यसको शाव्दिक अर्थ **"एउटै गर्भबाट"** हो । सुसमाचारमा यो येशूका भाईहरुलाई मरियमद्धारा जन्मिएकाहरुलाई प्रयोग गरिएको छ । लूका ८:२१ येशुले भन्नुभयो, मेरी आमा र भईहरु तिनीहरु हुन् जसले परमेश्वरको वचन सुन्छ र ती पालन गर्छ ।. गलाती ४ : २६येरुशलेम माथि… हाम्री आमा ।

गलाती ४:२८ **अब हे भाई हो,इसहाक जस्तै** हामी पनि **प्रतिज्ञाका सन्तान हौं** ।

- प्रतिज्ञाका सन्तानहरु, तर शरीरका सन्तान होइन ।

- "इसहाक जस्तै" प्राकृतिक तरीकाको जम्मको बारेमा भन्दैछ, जसै इसहाकको जस्तो प्राकृतिक जम्म ।

- र "इसहाक जस्तै", प्रभुले हामीलाई पृथ्वीको जग भन्दा अघिबाट नै चुन्नुभयो ( एफिसी १:४) र हेर ताकि हमीहरु जम्मन सकौँ (प्राकृतिक वा पहिले जन्म) संसारमा, "इसहाक जस्तै" । चुनिएको, प्रतिज्ञे गरिएको, र उहाँका सन्तान भई जन्मिएको ।

- र जब हामी विश्वास गर्दछौँ – पवित्र आत्मा हामीमा आउँनु हुन्छ र हामीहरु **पुत्र झैँ राखिन्छौँ** र अब देखि बालक होइन वा आफैलाई "दास" झैँ हेर किनकि हामी स्वतन्त्र पारिएका छौँ ।

परमप्रभु परमेश्वर पिता हुनुहुन्छ – शक्तिमा सिमित हुनुहुन्न । उहाँले उहाँको परिवारको पहिले देखि नै योजना बनाउँनु भएको थियो । उहाँले उहाँको सन्तानहरुलाई चिन्नुहुन्थ्यो, उनीहरु सृजन अघि को थिए र उनीहरुका पहिलो वा प्राकृतिक जन्मलाई आज्ञा गर्नुभयो ।

- यो अवश्य पनि प्राकृतिक जन्म हो ।

रामी ४:१६,१७ त्यसैले यो प्रतिज्ञा विश्वस माथि निर्भर गर्दछ, यस हेतुले कि **प्रतिज्ञाअनुग्रह** माथि भर परेर अब्राहामका **सबै वशंहरुका** निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरुका निम्ति मात्र नभएर अब्राहामको जस्तो **विश्वासमा हुनेहरुका** निम्ति पनि हो, किनकि **अब्राहाम हामी सबैका पिता हुन् ।** जसो लेखिएको छ; "मैले तँलाई धेरै जातिहरुका पिता बनाएकोछु ।" जुन परमेश्वर माथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन् । उहाँले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरुलाई बोलाई अस्तित्वमा ल्याउँनुहुन्छ । ("हामी सबैको" स्पष्ट अर्थ ती सबै जना जो प्रतिज्ञाद्धारे जन्मिएका थिए, प्रभुद्धारे पहिले नै तोकिएको ।)

परमेश्वरले अब्राहामलाई परिवारको प्रतिज्ञा गर्नुभएको थियो ।

रोमी ९:६–८ तर परमेश्वरको वचन विफल भएको होइन । किनकि इस्राएलबाट जन्मेका **सबैइस्राएल होइनन्,** न त अब्राहामका सन्तान हुँदैमा सबै तीनका छोरा वा छोरी हुन् । तर धर्मशास्त्रमा भने अनुसार, "इसहाकबाट नै तिनीहरुको सन्तान गनिनेछ ।" **यसको अर्थ,शरीरबाट जन्मेकाहरु परमेश्वरका सन्तान** होइनन्, तर **करारबाट उत्पन्न भएकाहरु नै अब्राहामका सन्तान हुन्** ।

- शरीरका**सन्तानहरु,** यिनीहरु **परमेश्वरका सन्तानहरु होइनन्** यसको अर्थ : प्रकृतिक जन्मको(शरीरको) हो, यसले मानिसलाई परमेश्वरको सन्तान हुन योग्य बनाउँदैन तर **प्रतिज्ञाका सन्तानहरुलाई** मात्र सन्तानका रुपका गनिन्छ ।

गलाती ४:२८ अब हे भाई हो, इसहाक जस्तै **हामी पनि प्रतिज्ञाका सन्तान हौँ ।**

- यसले **प्राकृतिक जन्मको** बारेमा बताउँदछ ।
- उहाँ घट्नु हुन्छ, पूर्वनिर्धाण गर्नुहुन्छ, उहाँको परिवारको **प्राकृतिक जन्मको** बारे

- ➢ जसै उहाँले इसहाकसँग गर्नुभए झैं
- ➢ यूहन्ना १:१३ **तिनी** रगतद्धारा, शरीरिक इच्छाद्धारा र कुनै मान्छेको इच्छाद्धारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन् ।
  - रगतको होइन – प्राकृतिक जन्म
  - शरीरको इच्छाद्धारा होइन –प्राकृतिक जन्म
  - मानिसको इच्छाद्धारा होइन –प्राकृतिक जन्म
  - तर परमेश्वरद्धारा जन्मिएका थिए – प्रसङ्गसँग प्राकृतिक जन्मको सत्य हुनु र अनुवाद सृजिएको निर्देशिका

रोमी ९:९–२६त्यस प्रतिज्ञाले यसो भन्दछ, "तोकिएको समयमा म फर्केर आउनेछु र संसारको एउटे छोरो हुनेछ ।" त्यसो मात्र होइन, जब रिबेकाले एउटै पुरुष हाम्रे पुर्खा इसहाकबाट गर्भधारणे गरिन्, र जुम्ल्याहा बालकहरु जन्मनु अघिबाटै, तिनीहरुले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावट अनुसार परमेश्वरका चुनाउको उदेश्य ठहरिओस् भनेर रिबेकालाई यसै भनिएको थियो, "जेठोले कान्छाको सेवा गर्नेछ ।" जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठाने ।" अब हामी के भनौ ? के परमेश्वरमा अन्याय छ त? कदापि होइन ! उहाँ मोशालाई भन्नुहुन्छ, "जसमाथि म कृपा गर्न चाहन्छु, त्यसलाई म कृपा गर्नेछु, र जसलाई म टिठ्ाउन चाहन्छु त्यसलाई म टिठाउनेछु ।" यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा पात्रहरुलाई आफ्नो महिमाको सम्पति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो । अर्थात् हामी जसलाई यहूदीहरुबाट मात्र होइन, तर अन्यजातिहरुबाट पनि उहाँले बोलाउनुभएको छ भने, के भयो त ?

रोमी ८: २९ जसजसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ(पहिले देखि नै तोक्नु); उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाईहरु मध्य उहाँ चाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो ।

**पहिलो जन्मिएको** – प्रोटोज (ठाउँमा अगाडी वा महत्वपूर्ण) र टिक्टो (पिताबाटको बिउबाट उत्पन्न गर्नु) । अर्थ – पहिलो स्थानमा जन्मनु, महान र उच्च महत्वपूर्ण स्थानमा ।

यर्मिया १:५ **मैले तँलाई गर्भमा रच्न भन्दा अघि नै तँलाई चिनिसकेको थिएँ, तँ जन्मन भन्दा अघि नै मैले तँलाई अलग गरे** । मैले तँलाई जाति जातिहरुका निन्ति अगमवक्ता नियुक्त गरे ।

माथिका खण्डले हामीलाई सोझै बताउँछ कि कोही कोही को प्राकृतिक जन्म "परमेश्वरको" जस्तै हो -वा- "माथिबाट जन्मिएको" जस्तै हो ।

ती जसलाई परमेश्वरले चुन्नुभएको छ "पृथ्वीको जगको अघि" र साथै "**माथिबाट**" जन्मिएका भनेर पनि कुरा गरिन्छ । यसले **प्राकृतिक जन्मलाई** जनाउँछ ।
यूहन्ना ३:३ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही **जयाँ** गरी जन्मिएन भने (... **माथिबाट**)उसले परमेश्वरको राज्य (उहाँले "प्रवेश" गर भन्नुभएन ) देख्न सक्दैन(... शब्दिक अर्थमा– **देख्न**, वा लाक्षणिक रुपमा– **बुझ्न**) ।"

- ➢ ती जो *"माथिबाट जन्मिएका हुन्"* उनीहरुले **देख्नेछन्** र आत्मिक सत्यतालाई **प्राप्त गर्ने** छ र **विश्वासको** स्थानमा आउँने छन् ।

- “फेरि” शव्द यस खण्डमा ग्रीक शव्दद्धारा “” राम्ररी अनुवाद गरिएको छ, “माथिबाट” जसै यो निम्न पदहरुमा छन् ।

यूहन्ना ३:३१ “**माथिबाट** आउनुहुने चाहिँ सबै भन्दा उच्च हुनुहुन्छ । पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै कुरा बोल्छ । स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनुहुन्छ ।

यूहन्ना १९:११ येशूले जवाफ दिनुभयो, “तपाईलाई **माथिबाट** नदिइएको भए ममाथि तपाईको केही अधिकार हुनेथिएन । यसकारण मलाई तपाईका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ ।”

याकूब ३:१५ यो बुद्धि स्वर्गबाट आउँने बुद्धि होइन । तर यो त संसारिक, अनात्मिक र शैतानिक हो ।

याकूब ३:१७तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छन्,

- “माथिबाट जन्मिएको” भन्ने टिप्पणी वृस्तित अध्ययनका लागि हेर -

तल केही यस्ता धेरै खण्डहरु छन् यो निर्धारित गर्नका लागि कि सबै मानिसहरु उहाँको होइन । प्रभुसँग सधैं चुनिएका मानिसहरु थिए ।

यशैया ४५:४मेरो दास याकूब, **मेरो चुनिएको इस्राएलको** खातिर मैले तँलाई तेरो नाउँ काढेर बोलाएको हुँ । तैले मलाई स्वीकार नगरेको भए तापनि मैले तँलाई सम्मानको पददिएकोछु ।

आमोश ३:१,२ हे इस्राएलका मानिस हो, परमप्रभुले तिमीहरुका विरुद्धमा भन्नुभएको यो वचन सुन,अर्थात् मिश्रदेशबाट मैले ल्याएका सारा परिवारका विरुद्धमा, **“पृथ्वीका सबै परिवारहरुमध्ये**( आफन्तहरु, सबै सम्बन्धित)**मैले केवल तिमीहरुलाई मात्र चुनेको छु** । यसैकारण तिमीहरुका सबै अधर्मका लागि म तिमीहरुलाई दण्ड दिनेछु ।”

- उहाँले अन्य कुनै पनि मानिसका परिवारका सबै जनालाई चुन्नुभएको छैन जसै उहाँले इस्राएललाई गर्नुभए झैं अन्यजातिहरु सबै जना सम्बन्धित छैनन् ।

  १पत्रुस २:१० जसले आफ्नो भाईलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ, र त्यसमा ठक्करको कारण हुँदैन ।

- कलस्सी १:२ खीष्टमा भएका कलस्सेका सन्तहरु(अन्यजाति) र विश्वासी भाईहरुलाई परमेश्वर हाम्रा पिताबाट अनुग्रह र शान्ति । (३:१२ ) यसकारण परमेश्वरका चुनिएकाहरु

- २ थेसलोनिकी २:१३ प्रभुले प्रेम गर्नुभएका भाईहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढाउँन बाध्य छौ। किनकि सुरु देखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्धारा र सत्यता माथि विश्वासद्धारा बाँच्नलाई **परमेश्वरले तिमीहरुलाई चुन्नुभयो** ।

लूका १९:१० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउँन आएको हो ।”(हराएका- यी पहिले आबद्ध हुनुपर्छ)

यूहन्ना ६:३७ पिताले मलाई दिनुहुने **सबै** मकहाँ आउनेछन् र **मकहाँ आउनेलाई** कुनै रीतिले म त्याग्ने छैन ।

यूहन्ना ६:३८-४० आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइन, तर **मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई** आएको हुँ । र मलाई पठाउनुहुनेको **इच्छा यो हो कि** उहाँले **मलाई दिनुभएकाहरुमध्ये कसैलाई पनि म नगुमाऊँ,**तर तिनीहरुलाई अन्त्यको दिनमा जीवित पारुँ । किनभने मेरा पिताको इच्छा यो हो कि पुत्रलाई हेर्न र उसमाथि विश्वास गर्न प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।"

- यदि "सबै" नै परमेश्वरको इच्छा थियो भने, सबै जाना नै हुने थियो, कोही पनि हराउँने थिएन ।

यूहन्ना ६:६५ अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरुलाई भनेको हुँ, **यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन ।"**

- ती जसलाई उहाँले चुन्नुभएको छ उनीहरु "अनुमति" दिइएकाहरु हुन् ।

यूहन्ना १३:१८ "मैले तिमीहरु सबैका विषयमा भनिरहेको होइन, **मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु** । तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो ।"

यूहन्ना १०:१४ म असल गोठालो हुँ, **म आफ्नो भेडाहरुलाई चिन्छु**, अनि मेरा भेडाहरुले मलाई चिन्छन् ।मत्ती ७:२३

यूहन्ना १७:२ किनकि तपाईले उसलाई सबै मानिस माथि अधिकार दिनुभएको छ, ताकि तपाईले उसलाई दिनुभ्एका सबैलाई उसले अनन्त जीवन दिओस् ।उहाँका सबै स्वर्गमा हुनेछन् । ("सकियो" । यूहन्ना १९: ३०)

यूहन्ना १७:६ संसारबाट **जुन मानिसहरु तपाईले मलाई दिनुभयो**, तिनीहरुलाई तपाईको नाउँ मैले प्रकट गरिदिएको छु । **तिनीहरु तपाईका थिए**, अनि **तपाईले तिनीहरु मलाई दिनुभयो**, र **तिनीहरुले तपाईको वचन पालन गरेका छन् ।**

यूहन्ना १७:९ म तिनीहरुका निम्ति प्रार्थना गर्दछु, **संसारको निम्ति म प्रार्थना गर्दिन**, तर **तिनीहरुका निम्ति, जसलाई तपाईले मलाई दिनुभएको छ** किनभने **तिनीहरु तपाईकै हुन्** । निश्चित रुपमा भन्दै कि संसारमा दुई किसिमका मानिसहरु छन् ।

यूहन्ना १७:१२ जबसम्म म तिनीहरुसँग थिएँ, तपाईले मलाई दिनुभएको तपाईको नाउँमा तिनीहरुलाई सुरक्षित राखेँ । तिनीहरुको रक्षा गरें । अनि तिनीहरुमध्ये विनाशको छोरा बाहेक अरु **कोही नष्ट भएन**, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो ।

यूहन्ना १७:१४ मैले **तिनीहरुलाई** तपाईको वचन दिएँ, तर **संसारले तिनीहरुलाई घृणा गर्‍यो**, किनकि **तिनीहरु संसारका होइनन्,** जसरी म संसारको होइन । उहाँकाहरुका उत्पत्ति "माथिबाट" हो । पूर्वनिर्धारित । प्रतिज्ञा गरिएको । चुनिएको ।

यूहन्ना १७:१६**तिनीहरु संसारका होइनन्** जस्तो म पनि संसारको होइन ।

यूहन्ना १७:२४ पिता, म इच्छा गर्दछु कि **तपाईले मलाई दिनुभएकाहरुम जहाँ छु मसँग रहुन्** र मेरो महिमा देखुन्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईले मलाई दिनुभएको थियो ।

आमिन !

एफिसी १:५-१० उहाँको इच्छाको लक्ष्य अनुसार खीष्ट येशूद्धारा प्रेममा **उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई** अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सितैमा दिनुभएको **आफ्नो महिमामय अनुग्रहको** प्रशंसा होस् । उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्धारा हामी उहाँमा **उद्धार,पापको क्षमा** पाउँछौ, जुन **अनुग्रह** उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो । किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा **खीष्टमा राख्नुभएको उदेश्य** अनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जनाई दिनुभएको छ, **ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु खीष्टको अधिनमा आऊन् ।**